# बार्षिक समिक्षा बैठकको प्रतिवेदन
# आ.व. २०८०/०८१

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश नेपाल

## परोहा नगरपालिका

लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

**आ.व. २०७९/२०८० को बजेट कार्यान्वयको वार्षिक समिक्षा प्रतिवेदन**

CamScanner

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट
मधेश प्रदेश, नेपाल

# भूमिका

नेपालको संविधानले दिएको दिशानिर्देशन, राज्यका निर्देशक सिद्वान्त र नीतिहरु, घोषित राष्ट्रिय लक्ष्य तथा प्राथमिकताहरु, स्रोतको उपलब्धता, आम नागरिकको अपेक्षा र मागहरु, आर्थिक अनुशासन, समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी उत्पादनशील पूर्वाधार निर्माण, कृषि क्षेत्र, जलस्रोत, आयमूलक तथा सीपमूलक कार्यक्रमको संचालन, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, मानव विकास , सीप विकास, सामाजिक पूजीको निर्माण,सामाजिक सशक्तीकरण, पोषण, सामाजिक खराबी बिरुद्व सचेतना कार्य, बाल बिकास , युवा र खेलकूद, कला तथा सँस्कृति, जलवायु जोखिम न्यूनीकरण र उत्थानशील विकास योजना लगायतका सेवा प्रवाहसँग सम्बन्ध हुने गरी वार्षिक समिक्षा तयार पारिएको हो।

# उद्देश्य

यस परोहा नगरपालिकाको आर्थिक,सामाजिक , साँस्कृतिक र समृद्धिका लागि राजस्वका नीतिहरु तथा पद्धतिको विकास गर्नु, संकलित राजश्व र विभिन्न शीर्षकमा सरोकारवाला निकायहरुबाट प्राप्त हुने आम्दानी ( आय ) को ऐन, कानून र नीति नियमका साथै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ समेतलाई मध्यनजर गरी बजेटको विनियोजन तथा बाँडफाँड गरी नियमानुसार खर्च गरी योजना पूर्ण सफल बनाई लाभग्राही जनतालाई बढी सम्पन्न र सन्तोषजनक जीवन यापन गर्ने अवसरको सृजना गरी सो योजनाहरुबाट अधिकतम लाभ पु-याउनु हो ।

# प्रगति

यस परोहा नगरपालिकाको आ.व.२०७९/०८० मा सम्पन्न भएका आयोजना र कार्यक्रमहरु लगायत अन्य कार्य प्रक्रिया र गतिविधिहरु माथी छलफल गर्दा समग्रमा चालु तर्फ ८९.१५ प्रतिशत र पूजीगत तर्फ ७३.८९ प्रतिशत सम्बन्धित आयोजना तथा कार्यक्रममा खर्च भई राम्रो प्रगति रहेको साथै सम्पादित आयोजना / कार्यक्रमहरु प्रभावकारी, मितव्ययी र जनमुखी हुनुका साथै लभान्वित परिवारहरु समेत संतुष्ट र खुशी रहेको स्थानीय लाभग्राहीहरु र नगरपालिका भित्रका व्यक्तीहरुले रोजगारी पाएको, जनताको दैनिकीमा सुधार आएको, विकास कार्य प्रति जनताको चासो र चेतनामा बृद्वि हुँदै गएको पाईएको हुँदा समय सापेक्ष योजनाहरुको लक्ष्य र प्रगति उत्तम रहेको र बार्षिक बजेट तथा कार्यक्रम अनुसार  योजना कार्यान्वयनमा सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी तथा समाजिक अगुवाका साथै सरोकारवालाहरुको उल्लेखनिय सहयोगी भूमिकाको कदर गर्दै अगामी दिनमा पनि विशेष सहयोगको आशा राख्दै सहयोग गर्ने सबैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

परोहा न.पा.को आ.व.२०७९/०८० को वार्षिक बजेट तथा योजना व्यवस्थापन अन्तर्गत खर्च प्रगतिको अवस्था

## क्षेत्रगत बजेट र खर्चको स्थिति -

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०९०६०००.०० | २२१५०२४०.०० | ५४.१५ |
| २ | पूर्वाधार विकास | १७४७१७०००.०० | १२२३४०२७०.०० | ७०.०२ |
| ३ | सामाजिक विकास | १६४८१५०००.०० | १६०४८०२३३.०० | ९७.३७ |
| ४ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | ७११८०००.०० | ५३३२५३५.०० | ७४.९२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २३४३८६३८०.०० | २०५६३५५७२.०० | ८७.७३ |
| | जम्मा | ६२१९४२३००.०० | ४९६००३६३०.०० | |

## चौमासिक पूजीगत खर्च

| बजेटको उपशीर्षक | कूल खर्च( हजारमा) | चौमासिक खर्च | | | अषाड महिनको खर्च |
|---|---|---|---|---|---|
| पूजीगत खर्च | १८६६८६.६१ | प्रथम | दोस्रो | तेस्रो | |
| | | २८६८३.४४ | ४४३२१.५२ | ११३६८१.६४ | ७८७२६.७८ |
| प्रतिशत | १०० | १५.३६ | २३.७४ | ६०.८९ | ४२.१७ |

## योजनाको विवरण

| सि.नं. | कार्यक्रमको नाम | योजना संख्या | २०लाख माथीका योजना संख्या | ५-२० लाख सम्मका योजना | ५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १ | नगर स्तरीय योजान | २३ | ४ | १५ | ४ |
| | वडा स्तरीय योजना | ४२ | ० | ३६ | ६ |
| | जम्मा | ६५ | ४ | ५१ | १० |

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

शिक्षा तर्फ -

यस न.पा.भित्र रहेको २१ वटा विधालयहरुमा शैक्षिक सत्र २०७८ मा विधार्थी संख्या १०[illegible] जना रहेकोमा शैक्षिक सत्र २०७९ मा सो संख्या बढेर १३०१५ जना भएकोले विधार्थी संख्या तथा तहगत अनुपातमा शिक्षक अभाव टार्न तहगत नगर शिक्षक १५ जना बालबिकास सहजकर्ता ७ जना समेत थप गरिनुका साथै विधालयको लागी जग्गा, कक्षा कोठा, फर्निचर,विधार्थीहरुलाई ड्रेस तथा छात्राहरुलाई प्रोत्साहनका कार्यक्रमहरु लगायतको व्यवस्थापन गरिएको र थप पुर्वाधार निर्माण हुने क्रममा रहेकोले समग्रमा शैक्षिक प्रगति राम्रो रहेको निष्कर्ष सहित अगामी दिनमा अझ प्रगति हासिल गर्ने लक्ष्यका साथ अन्य कार्यक्रमलाई लागु गर्दै जाने निर्णय गरियो।

स्वास्थ्य तर्फ:-

यस पालिकामा जनसंख्या, स्वास्थ्य तथा स्वास्थ्य संस्थाको अवस्था:-
जम्मा जनसंख्या -४५७०२ मध्ये महिला -२२९९४ र पुरुष २२७०८

- १ बर्ष मुनिको जनसंख्या - १२८८
- २ बर्ष मुनिको जनसंख्या -२५७२
- ५ बर्ष मुनिको जन संख्या -६३७२
- अनुमानित जिवित जन्म - १२७४
- अनुमानित गर्भवति - १४८८ रहेको छ।
- स्वास्थ्य चौकी ६- वटा
- अधारभुत स्वास्थ्य सेवा केन्द्र – ३ वटा
- नगर स्तरीय १० बेडको अस्पताल -१ वटा
- बर्थिङ्ग सेन्टर -३ वटा
- आयुर्बेद औषधालय – १ वटा रहेको छ।

यस पालिकाको HMIS प्रतिबेदनको अवस्था:-

| आ.व. | ०७८/०७९ | ०७९/०८० |
|---|---|---|
| प्रतिवेदन संख्यात्मक बार्षिक | १२०(१००%) | १२० (१००%) |
| प्रतिवेदन गरेको टाईम्लिनेस | १२०(१००%) | १२०(१००%) |

जस अनुसार HMIS मा प्रविष्ट प्रतिवेदन अनुसार प्राप्त केही आवश्यक डाटाहरु तुलनात्मक २ बर्षको यस प्रकार रहेको छ:-

मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
..., रौतहट
... प्रदेश नेपाल

| खोप को नाम | आ.व.०७८/०७९ | ०७९/०८० |
|---|---|---|
| बि.सि.जी. | ११०% | १०५% |
| डि.पि.टी./हिब/पोलियो | १०२% | १०९% |
| मिजल्स एम आर २ | १०२% | ११९% |
| रोटा | १००% | १०४% |
| पुर्ण खोप | १००% | १०४% |
| टि डी २ | ९०% | १३७% |

पोषण कार्यक्रमः-

| बृधि अनुगमण गरिएका | आ ब ०७८/०७९ | आ ब ०७९/०८० |
|---|---|---|
| बाल बालिकाको संख्या | ३९७२ | ३८५९ |
| कुपोषित बालबालिका | २०८ | २०४ |
| कुपोषण व्यवस्थापन गरी निको | १९१ | २०१ |
| भिटामिन ए पाएका ५ बर्ष मुनिका बालबालिका | ६९५० | ६००० |
| अल्बेन्डाजोल पाएका ५ बर्ष मुनिका बालबालिका | ७००० | ६००० |

आफ्नै भवनमा निर्धारित मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रदान, सुरक्षित खानेपानी, २४ सै घण्टा विधुत सेवाको उपलब्धता, पैथोलोजी ल्याब, एक्स-रे, भिडियो एक्स-रे, नि:शुल्क औषधि वितरण, नियमित खोप संचालन, पूर्ण खोप, पोषण, आईरन चक्की पाएका सुत्केरी गर्भवती र प्रथम तथा चौथो गर्भवति जाँच गराएका साथै संस्थागत सुत्केरी भएका, प्रथम र चौथो पि.एन.सि. सुत्केरी जस्ता सुचाङ्कमा लक्ष्य प्रगति सत प्रतिशत रहेकोले कार्यक्रम पूर्ण रुपमा सफल रहेको निष्कर्ष सहित अगामी दिनमा अझ थप आवश्यक मेशिन, जनशक्ती तथा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नु हुने संलग्न कर्मचारी तथा अमूल्य सल्लाह सुझाव र विचार प्रदान गर्नु हुने बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सम्पूर्ण सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

२०८०/६/१
मो.महफुज अहमद
सदस्य- बजेट तथा कार्यक्रम तर्जुमा समिति

मो. महफुज अहिमद
प्रमुख प्रशासकीय अधिकृत

मिति -२०८०/०६/०१